# चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारणसम्बन्धी एकीकृत कार्यविधि, २०८३

चिकित्सा शिक्षा आयोग

प्रा.डा. [illegible]कृष्ण गिरी
उपाध्यक्ष

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ३/०८३
दर्ता मिति: २०८३/०३/०२

# चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारणसम्बन्धी एकीकृत कार्यविधि, २०८३

<u>प्रस्तावना:</u> राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख. ले दिएको अधिकार प्रयोग गरी चिकित्सा शिक्षा आयोगले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेदः एक
## परिचय

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारणसम्बन्धी एकीकृत कार्यविधि, २०८३

(२) यो कार्यविधि तुरुन्त लागु हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) "आयोग" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३ बमोजमको आयोग सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २२ बमोजिमको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "कार्यकारी समिति" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ८ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

(घ) "कार्यविधि" भन्नाले चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारणसम्बन्धी एकीकृत कार्यविधि, २०८३ सम्झनु पर्छ ।

(ङ) "चिकित्सा शिक्षा" भन्नाले स्वास्थ्य पेसासम्बन्धी सबै विधा र तहका शिक्षा (हेल्थ प्रोफेशनल एजुकेशन) सम्झनु पर्छ ।

(च) "निर्देशक" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २९ बमोजिमको निर्देशक सम्झनु पर्छ ।

(छ) "निर्देशनालय" भन्नाले मापदण्ड तथा प्रत्यायन निर्देशनालयलाई सम्झनु पर्छ ।

(ज) "नियमावली" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ सम्झनु पर्छ ।

(झ) "शिक्षण संस्था" भन्नाले प्रचलित कानुनबमोजिम स्थापित चिकित्सा शिक्षा प्रदान गर्ने मेडिकल कलेज वा शिक्षण संस्था सम्झनु पर्छ र सो शब्दले शिक्षण संस्था सञ्चालन गर्न दिइएको विस्तारित कार्यक्रमको अनुमतिलाई समेत जनाउँछ ।

(ञ) "सिट" भन्नाले चिकित्सा शिक्षा सञ्चालनका लागि आयोगले शिक्षण संस्थालाई वार्षिक रूपमा अध्यापन गर्न पाउने गरी उपलब्ध गराएको विद्यार्थीको सङ्ख्या सम्झनु पर्छ ।



प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

(ट) "सिफारिस समिति" भन्नाले दफा ५ बमोजिमको सिट निर्धारण सिफारिस समिति सम्झनु पर्छ ।

## परिच्छेदः दुई

## अनुगमन तथा सिट निर्धारण सम्बन्धी व्यवस्था

३. **आवेदन गर्नुपर्नेः** स्नातक तह वा सोभन्दा माथिल्लो तहको कार्यक्रम सञ्चालन गर्ने शिक्षणसंस्थाले प्रत्येक वर्ष आफूले चाहेको सिट प्राप्त गर्नका लागि शिक्षण संस्थाको भौतिक, शैक्षिक तथा प्राज्ञिक पूर्वाधार, स्वास्थ्य सेवा प्रवाहको अवस्था र व्यवस्थापकीय क्षमतासमेत खुलाई आयोगको अनलाइन प्रणालीबाट वा आयोगले तोकेको माध्यमबाट स्वमूल्याङ्कन (Self- Appraisal) फाराम भर्नुपर्ने छ ।

४. **अनुगमन गरिनेः** (१) आयोगले प्रत्येक वर्ष चिकित्सा शिक्षा प्रदान गर्ने विश्वविद्यालय, प्रतिष्ठान र शिक्षण संस्थाको नियमावलीको नियम १० को उपनियम (३) सँग सम्बन्धित सूचक (यार्डस्टिक), शिक्षण संस्थाको सेल्फ् अप्राइजल तथा अनुगमन फारामका आधारमा गुणस्तरको सुनिश्चिता हुने गरी सम्बन्धित विषयको विज्ञ वा विज्ञ समूहद्वारा स्थलगत अनुगमन गराउने छ।

(२) उपदफा (१) बमोजिम स्थलगत अनुगमनका लागि आयोगको मापदण्ड तथा प्रत्यायन निर्देशनालयले तयार गरेको विज्ञहरूको सूची (रोस्टर) बाट वा सम्बन्धित विषयको विज्ञ वा विज्ञसमूहबाट अनुगमनकर्ता छनोट गर्न सक्ने छ ।

(३) उपदफा (१) बमोजिमको अनुगमनको लागि नियमावलीको अनुसूची-४ बमोजिम आयोगले तयार गरेको तहगत, विधागत तथा कार्यक्रमगत अनुगमन फाराम प्रयोग गरिने छ ।

(४) उपदफा (१) बमोजिम खटिएको विज्ञ वा विज्ञ समूहले स्थलगत अनुगमन समाप्त भए पछि अनुगमन फारामसमेतका आधारमा सङ्कलित विवरण विश्लेषण गरी सिट निर्धारणका लागि मापदण्ड तथा प्रत्यायन निर्देशनालयमा सिफारिससहितको प्रतिवेदन पेस गर्नुपर्ने छ ।

(५) उपदफा (१) बमोजिम खटिइ जाने विज्ञ वा विज्ञ समूहलाई आयोगको कोष सञ्चालन कार्यविधिबमोजिम दैनिक भ्रमण भत्ता तथा पारिश्रमिक उपलब्ध गराइने छ ।

(६) काठमाण्डौं उपत्यका बाहिरबाट अनुगमनका लागि खटिने विज्ञ वा विज्ञ समूहका संयोजक तथा सदस्यलाई प्रतिवेदन लेखनका लागि उपत्यकामा कार्य गरेको ठहर्ने गरी बढीमा तिन दिनसम्मको दैनिक यातायात तथा खाजा खर्च उपलब्ध गराइनेछ ।

५. **सिट निर्धारण सिफारिस समितिः** दफा ४ को उपनियम (४) बमोजिमको प्रतिवेदन, सम्बन्धित कार्यक्रमको आयोगद्वारा स्वीकृत न्यूनतम मापदण्ड अनुरुप शिक्षण संस्थाको भौतिक, शैक्षिक तथा प्राज्ञिक पूर्वाधार, स्वास्थ्य सेवा प्रवाहको अवस्था र व्यवस्थापकीय क्षमता, सम्बन्धित शिक्षण संस्थाले विगतमा अध्यापन गरिरहेको कार्यक्रम तथा भर्नाको अवस्था, कार्यक्रम सञ्चालनको



प्रा.डा. [illegible] गिरी
[illegible]

सम्भाव्यतालगायतका विषयको विश्लेषण गरी प्रत्येक वर्ष सिट निर्धारणका लागि कार्यकारी समितिमा सिफारिस गर्न सिट निर्धारण सिफारिस समिति गठन गरिने छ ।

६. <u>सिफारिस समितिको गठन:</u> (१) स्नातक तथा स्नातकोत्तर तहको सिट निर्धारण सिफारिस समितिको गठन देहाय बमोजिम हुने छः-

(क) निर्देशक, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय - संयोजक

(ख) निर्देशक, मापदण्ड तथा प्रत्यायन निर्देशनालय - सहसंयोजक

(ग) सम्बन्धित विषयका विज्ञ तीन जना - सदस्य

(घ) विश्वविद्यालय वा प्रतिष्ठानका डीन वा सहायक डीनहरूमध्येबाट तीन जना - सदस्य

(ङ) उपसचिव, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय - सदस्य-सचिव

(२) डिएम,एमसिएच वा सोसरहको तहको सिट निर्धारण सिफारिस समितिको गठन देहाय बमोजिम हुने छः-

(क) निर्देशक, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय - संयोजक

(ख) निर्देशक, मापदण्ड तथा प्रत्यायन निर्देशनालय - सहसंयोजक

(ग) डिंएम,एमसिएच वा सोसरहको कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालय तथा प्रतिष्ठानका डीन् वा शिक्षाध्यक्षहरूमध्येबाट चार जना - सदस्य

(च) उपसचिव, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय -सदस्य-सचिव

(३) उपदफा १ को खण्ड (ग) र (घ) र उपदफा २ को खण्ड (ग) बमोजिमका सदस्यहरूको मनोनयन संयोजको सिफारिसमा उपाध्यक्षले गर्ने छ ।

(४) उपदफा १ को खण्ड (ग) र (घ) र उपदफा २ को खण्ड (ग) बमोजिमका सदस्यहरूको पदावधि एक शैक्षिक सत्रका लागि हुने छ र निजहरूको पुनः मनोनयन हुनसक्ने छ ।

(५) सिफारिस समितिका संयोजक, सहसंयोजक तथा सदस्यलाई आयोगको कोष सञ्चालन कार्यविधिबमोजिम वैठक भत्ता, दैनिक भ्रमण भत्ता, दैनिक भत्ता तथा पारिश्रमिक उपलब्ध गराइने छ ।

(६) सिफारिस समितिको कार्यविधि सिफारिस समिति आफैंले तय गरेबमोजिम हुने छ ।

७. <u>सिफारिस समितिको काम, कर्तव्य र अधिकार</u>: सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) अनुगमनमा खटिएका विज्ञबाट प्राप्त प्रतिवेदनको विश्लेषण गर्ने,

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

(ख) शिक्षण संस्थाले स्वमूल्याङ्कन (Self- Appraisal) का लागि पेस गरेका कागजातको अध्ययन तथा विश्लेषण गर्ने,

(ग) आयोगले स्वीकृत गरेको सम्बन्धित कार्यक्रमको न्यूनतम मापदण्ड र यार्डस्टिक (Yardsticks) बमोजिम सम्बन्धित शिक्षण संस्थालाई दिन सकिने सिट सङ्ख्याको सिफारिस गर्ने,

(घ) शिक्षण संस्थाको सिट निर्धारण सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

८. <u>मुल्याङ्कनका आधार</u>: (१) शिक्षण संस्थाको सिट निर्धारणका लागि सिफारिस गर्दा सिफारिस समितिले देहायको आधारमा शिक्षण संस्थाको मूल्याङ्कन गर्नुपर्ने छः

(क) अनुगमनमा खटिएका विज्ञबाट प्राप्त प्रतिवेदनको विश्लेषण,

(ख) संस्थाहरूको भौतिक पूर्वाधार,

(ग) शैक्षिक पूर्वाधारहरूको मूल्याङ्कन,

(घ) प्राज्ञिक कार्यहरूका लागि उपलब्ध स्रोत साधनहरूको मूल्याङ्कन,

(ङ) शैक्षिक जनशक्तिको उपलब्धता तथा प्राज्ञिक इकाइ (Academic Unit) को आँकलन,

(च) नेपाल सरकार स्वास्थ्य मन्त्रालय शिक्षा मन्त्रालय मेडिकल काउन्सिलहरू अन्तर्गतका मापदण्ड लागू हुने अवस्थामा सोको आँकलन,

(छ) संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत पुऱ्याएको सेवाको मूल्याङ्कन,

(ज) संस्थाले प्राज्ञिक उन्नयन तथा अनुसन्धान क्षेत्रमा गरेको कार्यको मूल्याङ्कन,

(झ) समितिले आवश्यक ठहऱ्याएका अन्य बुँदा केही भए सो को मूल्याङ्कन ।

(२) सिट निर्धारणका मुख्य आधार देहायबमोजिम हुनेछन्:

(क) शिक्षण संस्थाको प्राज्ञिक कुशलता, कार्यरत फ्याकल्टी, भौतिक पूर्वाधार तथा प्रदान गरिएको सेवा,

(ख) अघिल्लो शैक्षिक सत्रमा निर्धारित सिट सङ्ख्या, उक्त सिट सङ्ख्यामा भर्ना भएको विद्यार्थी सङ्ख्या,

(ग) शिक्षण संस्था तथा सो शिक्षण संस्थासम्बद्ध अस्पतालले प्रदान गरेको स्वास्थ्य सेवा,

(घ) शिक्षण संस्थाको सेल्फ अप्राइजल र विज्ञबाट भएको मूल्याङ्कन,

(ङ) नियमितरुपमा आयोगले तोकेको अनुगमन शुल्क बुझाएको,

(च) आयोगबाट जारी निर्देशनको प्रभावकारी कार्यान्वयन ।

(३) आयोगबाट जारी निर्देशनको तदारुकताकासाथ पालाना गर्नु सबै शिक्षण संस्थाको कर्तव्य हुनेछ र आयोगको निर्णय र ऐन विपरित कार्य गर्ने शिक्षण संस्थाको सिट निर्धारण गर्न आयोग बाध्य हुने छैन ।

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

## परिच्छेदः तीन

## सिट निर्धारणसम्बन्धी थप व्यवस्था

९. **प्राज्ञिक एकाइः** (१) स्नातकोत्तरको विषयगत सिट सङ्ख्या निर्धारण गर्दा प्राज्ञिक इकाइलाई मूल आधार लिइने छ।

(२) प्राज्ञिक एकाइ देहायबमोजिम हुनेछः

(क) शिक्षण संस्थामा कार्यरत फ्याकल्टी (शिक्षक) मा कम्तीमा एक जना सहप्राध्यापक र दुई जना उप प्राध्यपक भएमा त्यसलाई एक प्राज्ञिक एकाइ मानिने छ,

(ख) प्राज्ञिक एकाइमा कम्तीमा एक जना प्राध्यापक, एक जना सहप्राध्यापक र दुई जना उप प्राध्यपक भएमा तीन सिंट प्रदान गर्न सकिने छ,

(ग) प्राज्ञिक एकाइमा कम्तीमा एक जना प्राध्यापक र दुई जना उप प्राध्यापक भएमा दुई सिट दिन सकिने छ,

(घ) प्राज्ञिक एकाइमा कम्तीमा एक जना सहप्राध्यापक र दुई जना उप प्राध्यपक भएमा एक सिट दिन सकिने छ,

(ङ) सहप्राध्यापकको कोटा हिसाबमा मिलान भई बाँकी रहन आएमा उक्त सङ्ख्यालाई समेत उप प्राध्यापकमा गणना गर्न सकिने छ,

(च) DM,MCh कार्यक्रम सञ्चालन भएका संस्थाको हकमा DM/MCh कार्यक्रममा प्रिसेप्टर (गाइड) भएका फ्याकल्टी समेतलाई गणना गर्न बाधा पर्ने छैन भने प्राज्ञिक संस्थाको पदाधिकारीका हकमा सम्वन्धित पदाधिकारीको अनुरोधमा फ्याकल्टीको रुपमा गणना गर्न सकिने छ,

(छ) प्राज्ञिक एकाइ पूरा नभएको शिक्षण संस्थामा सिट उपलव्ध गराइने छैन,

(ज) प्राज्ञिक इकाइमा रहने फ्याकल्टीको उमेर हद क्लिनिकल विषयमा ७३ र ननक्लिनिकल तथा डेन्टलतर्फ ७५ वर्षभन्दा बढी हुने छैन,

(झ) नर्सिङ लगायतका अन्य कार्यक्रमको सिट निर्धारण सम्वन्धमा सम्वन्धित विश्वविद्यालय /प्रतिष्ठानको प्रस्ताव, विगतमा अपनाइएका मापदण्ड र सम्बन्धित काउन्सिलले अपनाइ आएका मापदण्डका आधारमा प्राज्ञिक इकाइ र सेवा समेतलाई ध्यानमा राखी सिट निर्धारण गरिने छ,

(ञ) Medical Imaging Technology (MIT), Forensic Medicine, Physiotherapy जस्ता विषयमा आवश्यक जनशक्तिको कमी भएकाले प्राज्ञिक इकाइको गणना गर्दा विषयसँग सम्बन्धित अन्य फ्याकल्टीको संलग्नतालाई समेत मान्यता दिइने छ,

(ट) डेन्टल विधाको हकमा हाल देशमा सञ्चालन भइरहेका शिक्षण संस्थामा सञ्चालन भइरहेका कार्यक्रम हेर्दा निम्नलिखित विधाका विशेषज्ञहरूमा अन्य



प्रा.डा. श्रीकृष्ण गिरी

विधाबाट पनि फ्याकल्टीहरूलाई प्राज्ञिक एकाइ गणना गर्न सकिनेछ:
१. Public Health Dentistry मा Community Medicine बाट एकजना,
२. Oral Pathology मा General Pathology बाट एकजना,
३. Oral Medicine मा Periodontics वा Oral Pathology बाट एकजना ।

(ठ) चिकित्सा शिक्षा अध्यापन गराउने विश्वविद्यालय, प्रतिष्ठान तथा शिक्षणसंस्थाले प्रयोगात्मक विषय अध्यापन र अभ्यास गर्नका लागि आफ्नो शिक्षण अस्पताल सोही विश्वविद्या[illegible] प्रतिष्ठानका लागि मात्र मान्य हुने र अन्य विश्वविद्यालय, प्रतिष्ठान, [illegible]संस्थाले समेत सोही अस्पताल प्रयोग गरेको अवस्थामा त्यसलाई आधार मानेर सिट निर्धारण गरिने छैन ।

तर सरकारी अस्पताल प्रयोग गर्ने सरकारी शिक्षण संस्थाको नर्सिङ विषयको हकमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सहमती पत्रानुसार सहुलियत दिन बाधा पर्ने छैन ।

१०. <u>डिएम,एमसिएच वा सो सरहको सिट निर्धारण सम्बन्धी व्यवस्था:</u> (१) डिएम,एमसिएच वा सो सरहको सिट निर्धारणका लागि देहायका आधार अपनाइने छ:

(क) विश्वविद्यालय अन्तर्गतका आंगिक शिक्षण संस्था एवम् स्वास्थ्य विज्ञान प्रतिष्ठानका नियमित चलिरहेका कार्यक्रममा फ्याकल्टी र सम्बन्धित निकायको पत्रका आधारमा पूर्वाधार, फ्याकल्टी लगायतका मापदण्ड पूरा भएको पाइएमा सो बमोजिम सिट निर्धारण गर्ने,

(ख) विश्वविद्यालयका सम्बन्धन प्राप्त कलेजको हकमा सम्बन्धित विश्वविद्यालयको राय समेतका आधारमा आयोगले अनुगमन गरी सिट निर्धारणका लागि सिफारिस गर्ने,

(ग) सिट निर्धारणका लागि सम्बन्धित विषयमामा कम्तीमा देहायका फ्याकल्टी भएको प्राज्ञिक एकाइ भएमा मात्र सिट निर्धारण गर्ने:

१. सम्वन्धित विधाका विज्ञ प्राध्यापक - एक जना
२. सम्वन्धित विधाका विज्ञ सहप्राध्यापक - एक जना
३. सम्बन्धित विधामा कार्यरत उपप्राध्यापक - दुई जना

वा

सम्वन्धित विधामा DM,Mch विज्ञ सहप्राध्यापक - एक जना
सम्वन्धित विधामा कार्यरत उपप्राध्यापक - तीन जना

(घ) सम्वन्धित विभाग,यूनिटमा देहायबमोजिमको बेडका आधारमा सिट निर्धारण गर्ने

१. विभाग भएमा - ३० बेड
२. यूनिट भएमा - २० वेड

(ङ) सबै विश्वविद्यालय र प्रतिष्ठानमा सञ्चालन हुने DM,MCh उपाधिका विधाहरूको नामाकरणमा एकरुपता कायम गर्ने ।

प्रा.डा. श्रीकृष्ण गिरी,
उपाध्यक्ष

(२) उपदफा (१) बमोजिम सिट निर्धारण गर्दा प्रिसेप्टरको न्यूनतम योग्यता सम्बन्धित विधामा कम्तीमा दश वर्ष अध्यापन गरेको प्राध्यापक वा प्राध्यापक भएपश्चात् स्नातकोत्तर तहको सम्बन्धित विधामा कम्तीमा पाँच वर्ष अध्यापन गरेको वा DM,MCh गरी सम्बन्धित विधामा कम्तीमा २ वर्ष अध्यापन गरेको सहप्राध्यापक हुने छ ।

## परिच्छेदः चार

## विविध

११. फ्याकल्टीको सत्यापनः (१) Self Appraisal ( स्व मूल्याङ्कन प्रतिवेदन) मा शिक्षण संस्थाले पेस गरेका फ्याकल्टी सोही संस्थामा कार्यरत रहे नरहेको आधारमा सत्यापन गर्ने कार्य सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान तथा काउन्सिलसँगको समन्वय र परामर्शमा गरिने छ ।

(२) सम्बन्धित विधाका फ्याकल्टीको विषयमा आयोगमा प्राप्त उजुरीको छानबिन, अनुगमन गर्ने विज्ञका सुझावसमेतका आधारमा सिट निर्धारण समितिले सिट निर्धारणका लागि सिफारिस गर्ने छ ।

(३) सम्बन्धित फ्याकल्टीको आफू कार्यरत संस्थामा बाहेक अन्यत्र संलग्नता नरहेको भनी कबुलियतनामा गर्नुपर्ने छ ।

१२. निर्णयानुसार हुने : (१) सिट निर्धारण सिफारिस समितिले समग्र पक्षको विश्लेषण गरी सिट निर्धारणका लागि सिफारिससहित तयार गरेको प्रतिवेदन कार्यकारी समिति समक्ष पेस गर्ने छ ।

(२) कार्यकारी समितिले उपदफा (१) बमोजिम हुन आउने सिट निर्धारण गर्न आयोग समक्ष सिफारिस गर्नुपर्ने छ ।

१३. अभिमुखीकरण गरिनेः (१) सिट निर्धारण प्रयोजनार्थ र अन्य प्राज्ञिक अनुगमनका लागि खटाउँदा खटी जाने विज्ञलाई अनुगमनमा जानुपूर्व निर्देशनालयले अभिमुखीकरण गर्ने छ ।

(२) विज्ञलाई अभिमुखीकरण कार्यक्रममा समेत नियमानुसारको दैनिक भत्ता उपलब्ध गराइने छ ।

१४. तटस्थ रहनु पर्नेः विज्ञले कुनै पनि शिक्षण संस्थाको अनुगमन गर्दा निष्पक्ष र तटस्थ ढङ्गले गर्नुपर्ने छ । यसरी अनुगमन गर्न जाने संस्थामा अनुगमकर्ताको कुनै पनि संलग्नता नभएको भनी कबुलियतनामा गर्नुपर्ने छ ।

१५. अनुगमनकर्ताको आचार संहिताः (१) अनुगमनकर्ताको आचार संहिता देहायबमोजिम हुने छः

(क) फिल्डमा जानुपूर्व आफूले गर्ने कार्य र अनुगमन गर्न लागेको शिक्षण संस्थाका बारेमा कहींकतै कुनैपनि तवरले जानकारी गराउन वा सूचना दिन नहुने,

(ख) अनुगमनका क्रममा कुनैपनि शिक्षणसंस्थाको आतिथ्यता तथा उपहार स्वीकार्न नहुने,

(ग) अनुगमन गरिएको शिक्षणसंस्थाको स्वतन्त्र र मर्यादा कायम राखी अनुगमन गर्नुपर्ने,

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

(घ) अनुगमन स्थलमा उक्त संस्थाको यो वा त्यो पक्ष राम्रो वा नराम्रो भनी टिका टिप्पणी गर्न नहुने,

(ङ) अनुगमन हुने शिक्षण संस्थामा अनुगमनकर्ताको कुनैपनि प्रकारको आवद्धता हुन नहुने,

(२) उपदफा (१) बमोजिम गरेको कार्यको सूचना आफू बहालमा रहँदा वा नरहँदा समेत सम्बन्धित व्यक्तिले गोप्य राख्नु पर्ने छ ।

१६. <u>नियमित अनुगमन हुने :</u> आयोगले आवश्यक ठानेमा विश्वविद्यालय, प्रतिष्ठान, शिक्षण संस्थाको आवश्यकताअनुसार प्राज्ञिक तथा प्रशासनिक अनुगमन नियमित रुपमा गर्न सक्ने छ ।

१७. <u>कार्यविधि बमोजिम मानिने:</u> यस कार्यविधिमा नपरेका विषयमा थप निर्णय गर्नुपरेमा समितिले गरेको निर्णय यसै कार्यविधिबमोजिम भएको मानिने छ ।

१८. <u>निगरानी राख्न सक्ने:</u> आयोगले खटाएको विज्ञले अनुगमनका क्रममा गरेका काम कारवाहीको आयोगले सूक्ष्म निगरानी राख्न सक्ने छ ।

१९. <u>खारेजी र बचाउ:</u> (१) चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारणसम्वन्धी एकीकृत कार्यविधि, २०७९ खारेज गरिएको छ ।

(२) चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारणसम्वन्धी एकीकृत कार्यविधि, २०७९ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधिबमोजिम भए गरेको मानिने छ ।

प्रा.डा. [illegible] गिरी
उपाध्यक्ष